म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज


SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २०६ २०८० असार ६ गते बुधबार 21 June 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




### शैक्षिक समीक्षा र योजना छैन

# शिक्षकलाई भलिबल खेलाउँदै हेटौंडा उपमहानगर



हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
महाशाखा/शाखा/इकाई : शिक्षा विकास महाशाखा
चलानी नं. १००६२

मिति २०८०/०३/०४

विषय : शिक्षक भलिबल प्रतियोगिता सम्वन्धमा ।

श्री सम्पुर्ण विद्यालयहरु
हेटौंडा उपमहानगरपालिका ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका कार्यालयको मिति २०८०।०३।०४ को निर्णयानुसार उपमहानगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विद्यालयमा कार्यरत शिक्षकहरुबीच मैत्रिपूर्ण भलिवल प्रतियोगिता मिति २०८०।०३।०८ गते देखि ऐ १० गते सम्म हेटौडा ४ हु.प्र. चौरमा सञ्चालन हुने भएकोले उक्त प्रतियोगितामा सहभागी हुन चाहाने शिक्षककहरुले मिति २०८०।०३।०७ गते सम्ममा टिम दर्ता गर्नुहुन अनुरोध छ । अन्य जानकारी तथा टिम दर्ताको लागि देहायबमोजिम सम्पर्क गर्नुहुन समेत निर्णयानुसार अनुरोध छ ।
मोबाइल नं. ९८४५४६३१८८ (श्री राजाराम पोखरेल)

रमेश विडारी
अधिकृत स्तर सातौं

बोधार्थ:
श्री सूचना प्रविधि शाखा, हेटौंडा उपमहानगरपालिका,
: सूचना वेभसाइटमा सम्प्रेषण गर्नुहुन ।

samriddhas

*हेटौंडा उपमहानगरपालिकाले शिक्षक भलिबल प्रतियोगितामा सहभागिताका लागि जारी गरेको सूचना ।*

**समाज संवाददाता**

हेटौंडाः नयाँ शैक्षिक सत्र २०८० सुरु भएको दुइ महिना भयो । हेटौंडा उपमहानगरले अघिल्लो शैक्षिक सत्रको समीक्षा र चालु शैक्षिक सत्रको योजना बनाएको छैन । जेठ तेस्रो सातादेखि उच्च गर्मीका कारण विद्यालयमा पठनपाठन प्रभावित बनेको छ । गत सातादेखि पठनपाठन सुचारु हुने अवस्था रह्यो ।

विद्यालयको नियमित पठनपाठन व्यवस्थित गर्ने विषयमा उपमहानगरको आवश्यक रणनीति बनाउन सकेको छैन । उच्च गर्मीले जनजीवन प्रभावित भइरहँदा उपमहानगरको नेतृत्वले आफैं निर्णय नगरी गैरजिम्मेवारीपूर्ण तरिकाबाट वडा-वडालाई विदा दिने, नदिने निर्णय गर्ने अधिकार प्रदान गऱ्यो । वडा-वडाले विदा दिने निर्णय गर्दा एकरुपता नभएको र उपमहानगरको नेतृत्वको आलोचना भएपछि पुनः नगरले नै विद्यालय विदा दिने निर्णय गऱ्यो । यसरी विद्यालयको शिक्षामा मनलाग्दी र अपरिपक्व निर्णय गर्दै आएको उपमहानगरले सोमबार निर्णय गरेर आगामी शुक्रबार, शनिबार र आइतबार विद्यालयका शिक्षकबीच भलिबल प्रतियोगिता आयोजना गर्दैछ । शिक्षा महाशाखाका अधिकृत रमेश विडारीले एक सूचना जारी गर्नुहुँदै भलिबल प्रतियोगितामा सहभागी हुन शिक्षकहरुलाई आव्हान गर्नुभएको छ । हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा प्रतियोगिता आयोजना गर्न लागिएको अधिकृत विडारीले जानकारी दिनुभएको छ ।

शिक्षक भलिबलका कारण विद्यालयको पठनपाठन प्रभावित हुने अवस्थाप्रति सचेत रहेको र बिहान, बेलुका खेल आयोजना गरिने उहाँको भनाइ छ । बिहान, बेलुका खेल आयोजना गरिए पनि पठनपाठन प्रभावित हुने सम्भावना रहने उहाँको भनाइ छ । "सकेसम्म पठनपाठन प्रभावित नहुने गरी शिक्षक भलिबलको आयोजना गर्ने छौं । तर, प्रतियोगिताका क्रममा पठनपाठन प्रभावित हुन सक्छ", विडारीले भन्नुभयो ।

भलिबल प्रतियोगिताको विषयमा उपमहानगरपालिकाले शिक्षक महासंघसँग समेत समन्वय र जानकारी गराएको छैन । शिक्षक महासंघ हेटौंडा उपमहानगर समितिका अध्यक्ष दीपक अधिकारीले भलिबल प्रतियोगिताको विषयमा उपमहानगरपालिकाले कुनै किसिमको समन्वय र सरसल्लाह नगरेको बताउनुभयो । शिक्षक साथीहरुबीच आपसी सम्बन्ध र सौहार्दताका लागि खेलकुदका क्रियाकलाप गर्नु स्वभाविक भए पनि अहिले उपयुक्त समय नभएको उहाँको भनाइ थियो । गर्मी मौसम, वर्षाको समयमा नियमित पठनपाठन सहज नभइरहेका बेला भलिबल प्रतियोगिता आयोजना गर्दा नियमित पठनपाठन प्रभावित हुने उहाँले स्पष्ट पार्नुहुँदै महासंघको तर्फबाट उपमहानगरमा ध्यानाकर्षण गर्ने बताउनुभएको छ ।

प्रतियोगितामा प्रथम हुने टिमले ३० हजार रुपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने द्वितीय हुने टिमले २५ हजार रुपैयाँ नगदसहित सिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सेमीफाइनलमा पराजित हुने दुई टिमले सान्त्वनास्वरुप १५/१५ हजार रुपैयाँ प्राप्त गर्नेछ । उपमहानगरले यसअघि पनि लाभहानीको विश्लेषण बिना नै आकर्षक धनराशीको पुरस्कारसहित विविध खेलकुद प्रतियोगिताको आयोजना गरेको थियो । निरन्तर आलोचना भइरहँदा पनि उपमहानगरले भने आवश्यक ध्यान दिएको छैन ।

## कार दुर्घटनामा चालकको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-काठमाडौं कान्तिलोकपथअन्तर्गत मकवानपुरको भिमफेदी गाउँपालिका-८, गंगटेमा कार दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । दुर्घटनामा परी कार चालक हेटौंडा-३, बसामाडीका ३० बर्षीय बिबेक लामाको मृत्यु भएको मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभएको छ ।

लामालाई भीरबाट मृत अवस्थामा प्रहरीले भेट्टाएको थियो । कारमा सवार मकवानापुरको भिमफेदी गाउँपालिका-५ का ४५ बर्षीय राजकुमार बल घाइते भएका छन् । मंगलबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा बि सि ए ०५३७ नम्बरको कार आफैं अनियन्त्रित भई सडकबाट ३ सय मिटर तल खस्दा दुर्घटना भएको थियो । दुर्घटनामा बलको छातीमा चोट लागेको र बोल्न सक्ने अवस्थामा दुर्घटनास्थलबाट उद्दार गरी उपचारका लागि हेटौंडातर्फ पठाएको प्रवक्ता कार्कीले जानकारी दिनुभएको छ ।

## दुर्घटनामा प्रदेश मन्त्रीसहित ३ जनाको मृत्यु

धनगढीः बझाङमा मंगलबार भएको दुर्घटनामा परी प्रदेश मन्त्रीसहित ३ जनाको मृत्यु भएको छ । गाडी दुर्घटनामा परेर घाइते हुनुभएका सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहसहित मन्त्री सिंहकी पत्नी अमृतादेवी सिंह र भाउजु जयादेवी संहको मृत्यु भएको हो ।

दुर्घटनामा घाइते भएका मन्त्री सिंहको उपचारका क्रममा कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको सुदूरपश्चिमका प्रहरी प्रमुख डीआईजी भरत बोहराले जानकारी दिए । मन्त्री सिंहलाई उपचारका लागि बझाङबाट हेलिकप्टरमा नेपालगञ्ज ल्याइएको थियो । सिंहसँगै नेपालगञ्ज ल्याएका चालक धर्मराज जोशी र सुरक्षागार्ड दीपक भण्डारीको भने उपचार भइरहेको छ । मन्त्री सिंह चढेको सुदूरपश्चिम प्रदेश ०१-००१ झ ४८० नम्बरको जीप धनगढीबाट बझाङ जाँदै गर्दा केदारस्यूँ गाउँपालिकामा दुर्घटनामा परेको थियो ।

## अस्पतालको सेवा प्रभावित नबनाउन एमालेको आग्रह

**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेश सरकारले हेटौंडा अस्पतालको सेवा प्रभावित बनाउने तथा अति महत्वपूर्ण स्वास्थ्य संस्थालाई तहसनहस बनाउने उद्देश्यले काम गरिरहेको भन्दै नेकपा एमाले मकवानपुरले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मंगलबार एक विज्ञप्ती जारी गर्नुहुँदै एमाले मकवानपुरका अध्यक्ष एवम् प्रदेश सभा सदस्य एका लाल श्रेष्ठले प्रदेश सरकारले नियमित रुपमा सञ्चालन भइरहेको र प्रदेशको गौरवको रुपमा विकास हुँदै गएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउनुपर्ने तलब सुविधा कटौती गर्न खोजको उल्लेख गर्नुभएको छ ।

२ सय १४ भन्दा बढी स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई जागिरबाटै निकाल्ने र बजेट कटौती गरेर अस्पतालको सेवा प्रभावित बनाउने काम गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । स्वास्थ्य जस्तो संवेदनशील विषयमा सबैको अभिभावक बन्नु पर्ने सरकार नै नागरिकहरुको स्वास्थ्यमा खेलबाड गरिरहेको एमाले मकवानपुरको आरोप छ । हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग नगर्न अदालतबाट भएको आदेशको पालना गर्दै तथा सरकार आफैंले बनाएको कानूनको समेत उल्लंघन नगर्न भनिएको छ । बागमती प्रदेश सरकारले गत शुक्रबार आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको थियो ।

## बसको ठक्करबाट घाइते गौतमको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः चितवन जिल्लाको राप्ती नगरपालिका-४, डडुवामा बसले ठक्कर दिँदा घाइते भएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा सोहि स्थानका ६५ वर्षीय झमकप्रसाद गौतम रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

जेठ २६ गते शुक्रबार पूर्व पश्चिम राजमार्गमा नारायणगढबाट बीरगंजतर्फ जाँदै गरेको ना ३ ख ९३६२ नम्बरको बसले बाटो काट्दै गरेका पैदलयात्री गौतमलाई ठक्कर दिएको थियो । ठक्कर दिँदा गौतम मध्यम घाइते भई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको थियो । घाइते गौतमको उपचारको क्रममा सोमबार बेलुका ९ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# बजेटमाथि छलफलमा एमाले र राप्रपा कडारुपमा प्रस्तुत हुने

**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेशसभाको बैठक आगामी असार १२ गते मंगलबार बस्दैछ । दिउँसो १ बजे बस्ने प्रदेशसभा बैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तुत बजेटमाथि छलफल हुने भएको छ ।

बागमती प्रदेश सरकारले गत शुक्रबार प्रदेशको आगामी आर्थिक वर्षका लागि ६२ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँको बजेट ल्याएको थियो । मंगलबार बस्ने बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कडारुपमा प्रस्तुत हुने भएको छ ।

नेकपा एमाले प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रदेश सरकारले प्रस्तुत गरेको अहिलेको बजेट बेठिक भएको बताउनुहुँदै यसलाई सभाबाट पास हुन नदिने बताउनुभयो । अहिलेको बजेट एक खालको वैधानिक भ्रष्टाचारजस्तो रहेको उहाँको भनाई छ ।

बजेटको २७ प्रतिशत मुख्यमन्त्री, अर्थमन्त्री र भौतिक पूर्वाधारमन्त्रीकहाँ रहेको आरोप लगाउनुहुँदै उहाँले यसले दिगो विकासको लक्ष्यलाई कतै नछोएको बताउनुभयो । उहाँले यो बजेटको लक्ष्य, गन्तव्य र कुनै क्रियाकलाप नमिलेको बताउनुभयो ।

जिल्लाहरुबाट आएको जनताको मागहरुको कुनै सम्बोधन नभएको र मनलाग्दी गरेको उहाँले बताउनुभयो । आफूहरुको कार्यकर्ताको टिपाएको र माग गरेको भरमा बजेट विनियोजन गरेकोले यो बजेट लथालिङ्ग रहेको उहाँको आरोप छ । नीति तथा कार्यक्रमअनुसारको बजेट हुनुपर्ने भएपनि यसो नभएकाले यो बजेट खण्डनयोग्य र खोरेजयोग्य रहेको उहाँले बताउनुभयो ।

यस्तै, राप्रपाका प्रदेश संसदीय दलका नेता उद्वब थापाले प्रदेश सरकारको अहिलेको बजेट असन्तुलित रहेको बताउनुभयो । उहाँले भन्नुभयो– 'यो कसैको खल्तीबाट झिकेको पैसा होइन, अहिले एकतर्फीरुपमा आफ्नो क्षेत्रमा नेतृत्व गरेको मन्त्रीहरुको ठाउँमा असमान ढङ्गबाट बजेट हाल्ने काम भएको छ ।'

कुनै ठाउँमा दुई अर्बसम्म बजेट हुने र कुनै ठाउँमा दुई करोडको पनि बजेट विनियोजन नहुने भएपछि अन्याय भएको उहाँको भनाई छ । नेता थापाले अहिले मुख्यमन्त्रीको गृहजिल्ला धादिङ, आर्थिकमन्त्रीको गृहजिल्ला नुवाकोटमा र सिन्धुपाल्चोकमा व्यापक बजेट विनियोजन गरेर अरुलाई अन्याय गरेको आरोप लगाउनुभयो । अहिलेको बजेट असमान ढङ्गबाट छुट्याइएकोले यसलाई सच्याउन आवश्यक रहेको उहाँले बताउनुभयो । यहि अवस्थामा बजेट पास हुन नदिने उहाँले चेतावनीसमेत दिनुभएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्धारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।






**सेवाहरू**

- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**








हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## सम्पादकीय

# शिक्षामा सुधार आवश्यक

हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । उपमहानगरपालिकाले आगामी आर्थिक वर्षका लागि २ अर्ब ६० करोड ६५ लाख ४० हजार ८ सय रुपैयाँ बजेट सार्वजनिक गरेको छ । सामान्यतया: स्थानीय तहहरुले असार १५ देखि २० गतेसम्म बजेट सार्वजनिक गर्नुपर्ने व्यवस्था भए पनि हेटौंडा उपमहानगरपालिकाले दुई साताअघि नै बजेट सार्वजनिक गरेको हो । प्रदेश सरकारले बजेट सार्वजनिक गरेको भोलिपल्टै हेटौंडा उपमहानगरपालिकाले बजेट सार्वजनिक गरेको छ । उपमहानगरले आन्तरिक श्रोतबाट ८३ करोड ६६ लाख ६२ हजार ७० रुपैयाँ, राजश्व बाँडफाँडबाट ५९ करोड १४ लाख १० हजार ७ सय ३० रुपैयाँ, प्रदेश सरकारबाट ३ करोड ३४ लाख ६८ हजार रुपैयाँ र संघीय सरकारको अनुदानबाट १ अर्ब १४ करोड ५० लाख रुपैयाँ खर्च व्यहोरिने सार्वजनिक गरिएको नीति, कार्यक्रम तथा बजेटमा उल्लेख छ । उपमहानगरले पूर्वाधार विकासतर्फ १ अर्ब, आर्थिक विकासतर्फ ११ करोड ७६ लाख, सामाजिक विकासतर्फ ९२ करोड ९२ लाख, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ७ करोड १५ लाख र संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ ४ करोड २२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

उपमहानगरले सार्वजनिक गरेको आगामी वर्षको बजेट चालु आर्थिक वर्षको भन्दा ११ करोड १४ लाख ३२ हजार २० रुपैयाँ कम हो । उपमहानगरले अघिल्लो वर्ष २ अर्ब ७१ करोड ७९ लाख ७२ हजार ८ सय २० रुपैयाँ बजेट ल्याएको थियो । केन्द्र र प्रदेश सरकारले बजेटको आकार घटाएर सार्वजनिक गरेकाले हेटौंडा उपमहानगरको पनि बजेट घटेको छ । हेटौंडा बागमती प्रदेशको राजधानी हो । त्यतिमात्र होइन, हेटौंडा बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका पनि हो । पछिल्लो समय हेटौंडामा शिक्षा तथा स्वास्थ्य सेवामा सुधार भइरहेको छ । हेटौंडामा रहेका शैक्षिक संस्थाहरुमा मध्ये तराईका बारा, पर्सा, रौतहट तथा सर्लाही जिल्लाबाट थुप्रै विद्यार्थी अध्ययनका लागि आउने गरेका छन् । ती जिल्लाबाट उच्च शिक्षाका लागि मात्र नभई विद्यालय शिक्षाकै लागि पनि धेरै विद्यार्थी हेटौंडामा आएका छन् । प्रदेशको राजधानी भएसँगै हेटौंडा अस्पतालको स्तरवृद्धि हुनुका साथै स्वास्थ्य सुविधा पनि विस्तार भइरहेको छ । हेटौंडामा जनसंख्या तथा सवारी साधनको चापसमेत बढेको छ । सोहीअनुसार आर्थिक क्रियाकलाप पनि वृद्धि भइरहेको छ ।


हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्षका लागि शिक्षातर्फ ७६ करोड ५५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । शिक्षातर्फका कार्यक्रम तथा योजना सञ्चालनका लागि सशर्तसमेत ७६ करोड ५५ लाख रुपैयाँ बजेट विनियोजन भएको हो । उपमहानगरपालिकाले ट्युसन/कोचिङ सेन्टर, होस्टल, निजी प्रारम्भिक बालविकास केन्द्र र शिशु स्याहार केन्द्रलाई व्यवस्थित र नियमन गर्ने, विद्यालयका वार्षिक कार्यक्रमहरुलाई व्यवस्थित बनाइने, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय प्रवेश गराई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा प्राप्तिको सुनिश्चितता गर्ने, सबै विद्यार्थीका लागि एकै किसिमको ड्रेसकोड लागू गर्ने, माध्यमिक तह (कक्षा १-१२) एकै सिफ्टमा सञ्चालन गर्न आवश्यक समन्वय गर्नेजस्ता महत्वपूर्ण कार्यक्रम गर्ने भएको छ । हेटौंडामा प्रादेशिक विश्वविद्यालय स्थापनाका पहल गर्नुका साथै स्नातक तहको इन्जिनियरिङ, कृषि, सूचना प्रविधि र कानुन विषयका सम्बन्धन अनुमति एवम् सञ्चालन प्रक्रिया अगाडि बढाइने भएको छ ।

उपमहानगरले सार्वजनिक गरेको नीति तथा कार्यक्रम र बजेटमा शिक्षा क्षेत्रको सुधारका लागि केही महत्वपूर्ण कार्यक्रम समावेश भएको भए पनि कार्यक्रमको कार्यान्वयन महत्वपूर्ण हुन्छ । वर्षौंदेखि नियमन हुन नसकेको कोचिङ/ट्युसन सेन्टर, भाषा कक्षाहरुको नियमन गर्ने कुरा स्वागतयोग्य छ । प्रादेशिक विश्वविद्यालय र प्राविधिक विषयका स्नातक तह सञ्चालन पनि हेटौंडाको आवश्यकता हो । उपमहानगरले शिक्षा क्षेत्रमा उल्लेख्य कार्यहरु गर्न सकेको छैन । यसले हेटौंडाको शैक्षिक सुधारमा खासै उपलब्धी हासिल भएको छैन । आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन भएर लक्षित उपलब्धी हासिल गर्न उपमहानगर नेतृत्व गम्भीर बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वास्थ्य समस्या बढ्ने समय योग रहेको छ ।
**वृष** : विजय र सफलता प्राप्त हुने समय योग छ ।
**मिथुन** : कुविचार, शंकार, भ्रम, मडारिन सक्ने योग छ ।
**कर्कट** : व्यापारी र व्यवसायीका लागि आम्दानीमा बढोत्तरी ।
**सिंह** : रणनीति र कार्ययोजनाहरु बन्ने समय छ ।
**कन्या** : धार्मिक र परम्परासम्वद्ध काममा सरिक ।
**तुला** : स्वास्थ्यमा समस्या योग रहने समय छ ।
**वृश्चिक** : वैदेशिक प्रयोजनका कामहरु ढिलासुस्ती होलान् ।
**धनु** : झै-झगडा र तर्क विवादमा परिने समय योग छ ।
**मकर** : प्राविधिक र सीपमूलक काममा आकर्षण बढ्ला ।
**कुम्भ** : व्यापार, व्यवसायबाट लाभप्रद नै रहनेछ ।
**मीन** : सामाजिक क्रियाकलापमा सरिक भइने समय छ ।

# किसान आन्दोलन र नेपाली समाजको चरित्र



✍ **सम्राट तुम्बाहाङफे**

**विषय प्रवेश:**

किसान आन्दोलन, नेपाली समाजको चरित्र, समाजवाद उन्मुख कार्य र जलवायु मैत्री स्मार्ट कृषि प्रविधिका विषयहरुमा अत्यन्त सार संक्षेपमा उच्च प्राथमिकताका साथ यो लेखमा High Light गर्ने दृढ संकल्पका साथ अठोट गरिएको छ ।

**विगमा सम्पन्न भएका ऐतिहासिक किसान आन्दोलहरू:**

१. २००८ सालमा वर्दिया, वारा र पर्सा जिल्लाका किसानहरुले जमिनदारी शोषण दमनका विरुद्ध आन्दोलनहरु संचालन गरेका थिए ।

२. यसरी नै भोजपुर जिल्लाका किसानहरुले मोहियानी हक प्राप्तीको आन्दोलन संचालन गरेका थिए । अरिवल नेपाल किसान संघको प्रथम सम्मेलन २००९ सालमा रौतहट जिल्लाको महमदपुरमा सम्पन्न भएको थियो । सम्मेलनले अध्यक्ष कमरेड तुल्सीलाल अमात्य, उपाध्यक्षमा रामहरि शर्मा, महामन्त्रीमा शम्भुराम श्रेष्ठ, उपमहासचिवमा निरन्जन गोविन्द वैधलाई चयन गरेको थियो ।

३. २०१० सालमा सुदुर पश्चिममा क. भीमदत्त पन्तको नेतृत्वमा ठुलो किसान विद्रोह सम्पन्न भएको थियो ।

४. २०११ सालमा तनहु जिल्ला र गोरखा जिल्लामा एकदेव आलेको नेतृत्वमा जाली तमसुक च्यातेर सुकुम्वासी वसोवास गराउने आन्दोलन, गुल्मी जिल्लामा श्रृङग्रा किसान विदोह, झापा जिल्लामा खमारबन्द आन्दोलन र वारा जिल्ला, पर्सा जिल्ला रौतहट जिल्लामा 'नही जी कहो' आन्दोलन भएका थिए ।

५. २०१७ साल पछि दाङ जिल्ला चितवन, नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्ला आदि विभिन्न जिल्लाहरुमा किसान आन्दोलनहरु सम्पन्न भएका थिए ।

६. २०३० सालमा लुम्वीनीमा अनिवार्य बचत विरोधी ठुलो किसान आन्दोलन सम्पन्न भएको थियो ।

७. २०३३ साल देखि २०४० सालका बीचमा खोटाङ्ग, काभ्रे, चितवन, सिन्धुपालचोक, इलाम, धनकुटा, सुर्खेत, दाङ्ग, सिन्धुली, धनुषा, महोत्तरी, झापा, मोरङ्ग, सुनसरी जिल्ला लगायतका जिल्लाहरुमा विभिन्न प्रकारका किसान आन्दोलनहरु भएका थिए ।

(स्रोत: नेकपा (एमाले) नवौं राष्ट्रिय महाधिवेशनको राजनीतिक प्रतिवेदन २०७१ पेज नं. ८४ बाट)

वर्तमानको संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगनमा इतिहासका विभिन्न कालखण्डका राजनीतिक आन्दोलनहरु एवम् किसान आन्दोलनहरुको अत्यन्त महत्वपूर्ण भूमिका रही आएको छ ।

वर्तमान नेपाली समाजको चरित्र र उत्पादन:

नेपाली समाज सामन्तवादको उत्थान र विकास:

नेपाली समाज आदिम साम्यवादी युग, दास युग हुँदै आज भन्दा करिव १५०० देखि २००० को अघि देखि सामन्तीवादी समाजका रुपमा विकसित भयो । त्यसबेला देखि नेपाली समाजमा सामन्ती उत्पादन पद्धति (Feudal Mode या Production) को जन्म भएको थियो ।

नेपालको ऐतिहासिक विस्तार अभियान पछि यो उत्पादन पद्धति अझ मजवुत बन्यो । राणा शासन कालमा सामन्तवाद आफ्नो चरम अवस्थातिर विकसित भउको थियो । त्यस बेलासम्म नेपाली समाजको चरित्र सामन्तवादी थियो ।

हाम्रो देशको सामन्तवादका विभिन्न ठोस रुपहरु:

१. ठुलो जमिनदारी प्रथा
२. जागिरदारी प्रथा
३. विर्ता प्रथा
४. अधिया ठेक्का कूत र व्याज मरौंनीका प्रथाहरु
५. राजा रजौटा प्रथाहरु
६. तालुकदारी प्रथा आदि आदि

सामन्तवाद नेपालमा २ हजार वर्ष जति रहयो ।

नेपाली समाजको चरित्र अर्ध सामन्ती अवस्थामा रुपान्तरण:

ने.क.पा. का संस्थापक महासचिव कमरेड पुष्पलालले, नेपाल कम्यूनिष्ट पार्टीको स्थापना हुँदा नेपाली समाजको चरित्र अर्ध सामन्ती रहेको कुरा निर्धारण गर्नु भएको थियो । यो विश्लेषण ऐतिहासिक रुपले सहि विश्लेषण थियो । सन् १९३५ देखि २००६ सम्म नेपाली समाज अर्थसामन्ती अवस्थामानै रहेको थियो ।

नेपाली समाजमा पुँजीवादी उत्पादन पद्दतिको आरम्भ:

दोस्रो विश्व युद्धताका देशमा उत्पन्न एउटा विशिष्ट अवस्थामा नेपालमा कम्पनी कानुन वन्यो र विभिन्न आधुनिक उद्योग धन्दाहरुको स्थापना हुन थाल्यो । ती उद्योग धन्दाहरु र इलम व्यवसायहरुको आरम्भ नै नेपालमा पुँजीवादी उत्पादन पद्धतिको आरम्भ भएको थियो ।

नेपाली समाज पुँजीवादी समाजमा रुपान्तरण:

नेपाली समाजमा सामन्तवाद मूलभूत रुपमा विघटित भएको छ र नेपाली समाज प्रारम्भिक प्रकारको पुँजीवादी समाजमा रुपान्तरण भएको छ ।

१. गाउँमा भूमिहिन र गरीव किसानहरु छन्, मध्यम किसानहरुको ठूलो पंत्ति छ, धनी किसानहरु सिमित छन् ।

२. विगतमा नेपाली समाजमा एकातिर सामन्ती उत्पादन पद्धति रहिरहेको थियो भने अर्कातिर पुँजीवादी उत्पादन पद्धतिको जन्म भएको थियो । यस्तो स्थितिमा काल मार्क्सले भन्नु भएको थियो । 'उत्पादनका विभिन्न रुपहरु मध्ये एउटा विशिष्ट हुन्छ त्यसैले नै उत्पादनका अन्य रुपहरुलाई अधिनमा पार्छ त्यसका सम्बन्धहरुले अरु उत्पादनका स्तर र प्रभावलाई निर्धारित गर्दछ ।'

३. क्रान्ति पूर्वको रुसको विश्लेषण गर्दै लेनिनले त्यहाँ अघि बढेका र पछि परेका गरेर पाँच प्रकारका उत्पादन पद्दतिहरु रहेका कुरालाई उल्लेख गर्नु भएको थियो । तर यहाँ के भन्नु हुन्छ भने 'समाजको मुख्य चरित्र निर्धारण गर्ने सवालमा भने विभिन्न उत्पादनहरु मधये जुन पद्धति प्रभावकारी छ, त्यसैले समाजको चरित्र निर्धारण गर्छ ।

(स्रोत: नेकपा (एमाले) नवौ राष्ट्रिय महाधिवेशनको राजनीतिक प्रतिवेदन २०७१ पेज नं. ८९, ९०, ९१ र ९२ बाट)

४. नेपाली समाज मूलत: पुँजीवादी नै हो तर यसमा पुँजीवाद फस्टाउन/मौलाउन सकेको छैन ।

५. नेपाली समाज मुलत पुँजीवादी हो भन्नलाई तीन आधारहरु छन् ।

क) स्वामित्वको आधार, ख) श्रम सम्वन्धको आधार, ग) हाम्रो अर्थ व्यवस्था

यी तीन आधारहरुको यहाँ व्यख्या गर्न चाहन्न किन कि यस लेखको आकार धेरै ठुलो बन्न जान्छ ।

समाजवाद उन्मुख कार्यक्रमहरु प्रारम्भ गर्दा ध्यान दिनुपर्ने आधारहरु:

१. उत्पादनका साधनमा सवैको पहुँच विस्तार हुनु पर्ने ।

२. योग्यता अनुसारको काम र काम अनुसारको पारीश्रमिक हुनु पर्ने ।

३. राष्ट्रिय पुँजी निर्माण मार्फत स्वाधिन अर्थ प्रणालीको विकास हुनु पर्ने ।

४. सर्व शुलभ शिक्षा स्वास्थ्य र सामाजिक सेवाहरुको प्रत्याभूती जनतालाई प्रदान गर्नु पर्ने ।

५. आय र सम्पत्तिको पुन वितरण मार्फत लोककल्याणकारी राज्यको स्थापना तथा सर्वकालिक सामाजिक सुरक्षा प्रदान गर्नु पर्ने ।

६. आर्थिक, सामाकि, सांस्कृतिक र लैगिक विभेदको अन्त्य एवम् सहभागिता मूलक उत्पादन र विकास पद्धति अपनाउनु पर्ने ।

७. तदनुकुलको उत्पादन शक्ति र उत्पादन सम्वन्धको विकास मार्फत तीन आर्थिक विकास गरिनु पर्ने ।

(स्रोत: नेकपा एमाले प्रथम विधान महाविशन अशोज १५ देखि १७, २०७८) को राजनितिक प्रतिवेदन पेज नं. ९४ बाट)

८. समाजवाद कम्यूनिष्ट पार्टीको नेतृत्वको सरकार वन्नासाथ आइहाल्ने प्रणाली होईन । समावाद उन्मुख आर्थिक पणालीको आधार निर्माणको कुरा गर्दा यस्ता विरासत र चुनौती सहित मुलत: यी माथि उल्लेख गरिएका बुँदाहरुलाई गम्भिरता पूर्वक ध्यानमा राखेर कार्य क्षेत्रमा उत्रनु पर्दछ ।

जलवायु मैत्री स्मार्ट कृषि प्रविधि:

१. जलवायु मैत्री स्मार्ट कृषि प्रविधिहरु भन्नाले जलवायु परिवर्तनका नकारात्मक असरहरु संग जुध्न र अनुकुल नगर्न सहयोग गर्ने, जवलायु परिवर्तनको कारण रहेको हरित गृह ग्यासहरुको उत्सर्जन कम गर्ने साथै वालीनाली तथा पशुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई खाद्य सुरक्षामा सहयोग पुऱ्याउने प्रविधिहरु भन्ने वुझिन्छ ।

२. वालीनालीको लागि वीउ पानी, खाद्यतत्व, प्रविधि एवम् जस्तो वाह्य वातावरण आवश्यक पर्छ स्मार्ट पविधिले सोको व्यवस्था गर्दछ ।

३. स्मार्ट प्रविधि मध्ये जलवायु स्मार्ट बीउ स्मार्ट, पोषकतत्व स्मार्ट, यान्त्रिकरण बजार स्मार्ट, उर्जा सिचाई स्मार्ट एवमु सुचना प्रविधि स्मार्ट, कृषि प्रविधिहरुको व्यापक प्रयोग भईरहेको छ र हुनु पर्दछ ।

४. मौसम मैत्री स्मार्ट प्रविधिमा कृषकलाई बाली रोप्ने देखि भित्रयाउने बेलासम्म मौसमको पूर्ण जानकारी दिइन्छ । या हुनु पर्दछ ।

५. सिंचाई स्मार्ट भन्नाले कम पानीको प्रयोगले कृषि उत्पादन बढाउने भन्ने बुझिन्छ ।

६. भूमिगत पोखरी, आकाशे पानी संकलन, प्लाष्टीक पोखरी थोपा सिंचाई, जमिनको रिचार्ज एवम् समुचित वितरण मार्फत स्मार्ट सिंचाई प्रविधिको अभ्यास भइरहेको छ ।

७. बीउ एवम् पशु नश्ल स्मार्ट भन्नाले जलवायुबाट हुने जोखिम वहन गर्न सक्ने वालीनालीको बिउ एवम् पशु नश्ल भन्ने वुझिन्छ । जस्तै सुरक्षा, गर्मी, ठण्डी सहने, रोगसँग लड्न सक्ने, बीउ एवमु पशुको जातहरुको प्रयोगले कृषकहरुले बढि फाइदा लिन सक्दछन् ।

८. उन्नन एवम् रैथाने जातको क्रस ब्रिडिङ्ग समुदायमा आधारित बीउ एवम् पशु नश्ल बैंक कृषकसम्म लोकप्रिय भैरहेको छ ।

९. कृषकहरु आधुनिक ज्ञान एवम् सीपमा दक्ष हुनु पर्दछ ।

१०. स्मार्ट प्रविधि सुचना मार्फत बजारको ताजा जानकारी लिने जसले गर्दा बजार भाउ एवमु माग आपुर्तिको अवस्था पत्ता लगाई राम्रो मुल्य पाउने भए मात्र बालीनाली भित्रयाउने र वजारमा पठाउने गरिन्छ ।

११. घाँस काट्ने दुग्ध दुहुने चिस्याउने एवमु उत्पादन र प्रशोधनमा विभिन्न मेसिनको प्रयोग हुन्छ ।

१२. जलवायु परिवर्तनले ल्याएका असरहरुलाई न्यूनिकरण गर्न विकास भईरहेको छ ।

१३. जलवायु मैत्री स्मार्ट कृषि पविधिको पनि तिव्र विकास भइरहेको छ । नेपाल जस्तो अल्पविकसित देशमा उत्पादन प्रविधि देखि बजारीकरणमा सुचना प्रविधिको पहुँचले कृषिमा आधुनिकीकरण भइरहेको छ ।

स्रोत: समृद्ध नेपाल निर्माणका लागि जलवायु मैत्री कृषि डा. इश्वरी प्रकाश कडरिया, कृषि विज्ञ किसान कल्याण पेज नं. ३७ र ३८ बाट)

**निष्कर्ष:**

यस लेखको विषय प्रवेशमा उल्लेख गरिएका चारवटा विषयहरुमा आगामी दिनहरुमा जिम्मेवार क्षेत्रहरुबाट र जिम्मेवार व्यक्तिहरुबाट गहन रुपमा अध्ययन अनुसन्धान प्रकाशन गर्दै हाम्रो जिवन पद्दतिलाई रुपान्तरण गर्दै समग्रमा आम जनताको किसानहरुको जीवन स्तरलाई माथि उठाउन सकौ भन्ने अभिप्रायले यो लेख प्रस्तुत गरिएको छ । कृषि उत्पादनमा र त्यसको न्यायोचित वितरणमा विशेष ध्यान पुब्याउनु पर्दछ ।

(लेखक: कृषिको वहुआयामिक पक्षको अध्येता हुनुहुन्छ ।)

# मनले जिते जित, मनले हारे हार



✍ **अञ्जली राना**

समय अनि परिस्थिति पक्कै एउटै हुँदैन । जीवनमा हरेक किसिमका परिवर्तन र अवस्था देखिन्छन् । अवस्था र समयलाई मध्यनजर गरी म त्यो दिन अस्पताल पुगेकी थिएँ । जानुपर्ने अर्को भवनमा भएकाले म सरासर त्यहाँ पुगें र खाली बेञ्चमा थचक्क बसें । म यहाँ किन आएको मलाई नै थाहा छैन । मेरो आफ्नो मान्छे पनि यो भवनमा छैन भन्ने थाहा छ । तर पनि मनले त्यही बेञ्चमाथि लिएर बसालिदिन्छ । बिस्तारै मेरा नजरहरु यताउता हेरिरहेका थिए । अचानक एउटा वार्डमा टक्क अडियो । त्यहाँ लेखिएको थियो 'मनोरोग परामर्श' ।

मनोरोग पक्कै भयानक अवस्था पनि होइन । यसप्रतिको दृष्टिकोण भने हाम्रो समाजमा एकदमै खतरानाक भन्ने छ । साँच्चिकै मनोरोग पागलपन हो त ? मलाई नजिकै बसेको देखेर होला, हिंडिरहेका मानिसहरू मतिर नजर लगाइरहेका छन् । हुन त उनीहरु के सोच्छन्, त्यो मैले किन सोच्नुपऱ्यो ? तर मलाई कताकता यहाँ आउने मानिसप्रति चासो बढ्यो । यहाँ आउने मानिसहरुप्रति आममानिसको नजरिया कस्तो होला ? मैले त्यो वार्डमा बसिरहेका सबै बिरामीलाई नियालेर हेरें ।

केही उमेर ढल्केका व्यक्ति थिए । केही साना बालबालिका पनि थिए । एक्कासि मेरो नजर मलाई मेरै उमेरको जस्तो देखिने व्यक्तिकोमा गएर अडियो । त्यसैले पनि होला एकटक मैले उसैलाई हेरिरहें । ऊ बेडमा पल्टिरहेको थियो ।

...बाँकी पृष्ठ ३ मा

# "मात्रामा भन्दा पनि गुणस्तरमा बढी जोड दिन्छौं"

शैक्षिक सत्र २०८० सुरु भएको दुई महिना पूरा भइसकेको छ। मौसम प्रतिकुलताका कारण केही समय नियमित पठनपाठन प्रभावित समेत बनेको छ। हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले अघिल्लो शैक्षिक सत्रको समीक्षा र चालु शैक्षिकसत्रको योजना नबनाए पनि विद्यालयहरुले भने सकेसम्म आफ्ना योजना बनाएका छन्। हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयलेको चालु शैक्षिक सत्र २०८० को वार्षिक तालिका बनाइसकेको जनाएको छ। वार्षिक शैक्षिक तालिकाअनुआर विद्यालयले विविध कार्यक्रम गर्दै आएको छ। विद्यालयको शैक्षिक तथा भौतिक पक्षसँग सम्बन्धित रहेर समृद्ध समाजका लागि कुसुम खड्काले सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्मासँग गर्नुभएको कुराकानीको सम्पादित अंश:



**मोहनप्रसाद शर्मा**
**प्रधानाध्यापक, सिद्धार्थ मावि**

***समाजः सिद्धार्थ माविको चालु शैक्षिक सत्र २०८० का लागि विद्यालयको योजना कुन चरणमा छ ?***

**शर्मा**: यस निकायलाई शिक्षा क्षेत्र लगायत अतिरिक्त क्रियाकलापमा वृद्धि गराउनका लागि हामी पूर्वतयारी अर्थात् पहिलो चरणमा छौं। जसका लागि सर्वप्रथम विद्यालयको भौतिक र शैक्षिक पक्षको क्षमता विकास र संस्थागत व्यवस्थापनतर्फ अग्रसर छौं।

***समाजः अघिल्लो वर्ष र अहिलेको अवस्थामा विद्यालयमा के फरक छ र किन छ ?***

**शर्मा**: अघिल्लो बर्ष भने २ बर्षअघि परेको कोभिड-१९ को प्रभावले हाम्रो बालबालिकाको शैक्षिक गुणस्तरसँगै पठन संस्कृति पनि खस्केको हुनाले त्यसैलाई वृद्धि गर्नु हाम्रो प्रमुख चुनौती थियो भने यस बर्ष त्यसभन्दा बढी विद्यालयका विभिन्न पक्षलाई व्यवहारमा उतार्न खोजिरहेका छौं। जस्तै, मानसिक चेतना वृद्धि, भौतिक संरचना निर्माण, प्रयोगशालामा विद्यार्थीको पहुँच आदि।

***समाजः विद्यालयको समग्र विकासका लागि कुन पक्ष बढी चुनौतिपूर्ण छ ?***

**शर्मा**: हालको अवस्थामा विद्यार्थीको संख्या २ हजार ३ सय हाहाहारी भएका कारण उपयुक्त कक्षाकोठा व्यवस्थापनमा समस्या देखिन्छ। सँगसँगै खानेपानीको अत्यधिक प्रयोग हुने भएकोले कहिलेकाही त्यस्को पनि समस्या आइपर्ने गर्छ।

***समाजः विद्यालयमा देख्नु हुने कठिनाई र समस्याको समाधानका लागि विद्यालयले के कस्ता कदमहरु चालिरहेको छ ?***

**शर्मा**: अहिले विद्यालयमा देखिएको समस्याका लागि तत्कालिन केन्द्रिय सरकार, प्रदेश सरकार, उपमहानगरपालिका तीनै तहको सरकारमा पहल गरिरहेका छौं सहयोग भने आइपुगेको छैन। तर केही समयसम्म सहयोग आउने बाटो बनाउने वार्ता भने गरिएको छ। साथै विद्यालयको आन्तरिक स्रोत, साधन प्रयोग गरी समस्या समाधानको निरन्तर प्रयत्न भैरहेको छ।

***समाजः विद्यालयको वार्षिक तालिकाअनुसार के कस्ता गतिविधि तय गरिएको छ ?***

**शर्मा**: वार्षिक कार्यक्रम तालिकामा विद्यालयको सबै पक्ष समावेश गरिएको छ। जस्तै; मासिक कति समय अध्ययन गर्ने, शिक्षकले पढाउने विधिको प्रशिक्षण तालिम, अतिरिक्त क्रियाकलाप छनोट तथा ६ सदनबीच प्रतिस्पर्धा जस्ता गतिविधिहरु तालिकानुसार गर्ने तयारी छ र केही हदसम्म कार्यान्वयन पनि हुँदैछ।

***समाजः सिद्धार्थ माविले विद्यार्थी लगायत समग्र विद्यालयकै विकासका लागि के कस्ता लक्ष्य राखेको छ ?***

**शर्मा**: सर्वप्रथम हामी मात्रामा भन्दा पनि गुणस्तरमा बढी जोड दिन्छौं। विद्यालयको सारा विद्यार्थीलाई उपयुक्त पढ्ने, लेख्ने वातावरण मिलाइदिने, प्रयोगशालाको उचित प्रयोग गर्न सिकाउने, किताबको ज्ञान मात्र नभई बाहिरी ज्ञानको कुराहरू सिक्ने सिकाउने, सकेसम्म सबै तहका विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउने, श्रोत/साधनको परिचालन गर्ने, अभिवावक, शिक्षक लगायत विद्यार्थीसँग नियमित प्रशिक्षण कक्ष राख्ने आदि जस्ता कुराहरुलाई समेटेर लक्ष्य तयार गरेका छौं।

# *मनले जिते जित...*

अनेकौं छटपटीका धर्साहरु उसको अनुहारमा छर्लङ्ग देखिन्थे। ऊ छट्पटी लुकाउने भरसक कोसिस गरिरहेको थियो। सायद केही आशाका किरणहरु उसको जिन्दगीमा पनि होलान्। झट्ट हेर्दा ऊ आफ्नो सुन्दर भविष्यका लागि सपना देख्ने उमेरको जो थियो।

म यहाँ आएर बसेको केही समय भइसकेको छ तर मेरो मनले उठ्न मान्दै मानेको छैन। एकपटक यताउति हेरे अनि फेरि उहीतिर हेरिरहन मन लाग्यो। उसले केही बोलेको जस्तो लाग्यो। सानो आवाजमा उसको कुरा सुनिरहेकी थिएँ। ऊ केही गुनासो गरिरहेको थियो, 'हरेक युवाले विदेशिनुको मुख्य कारण आर्थिक संकट हो। जसले गर्दा हजारौं युवाहरु विदेशिनु परेको छ।' यो उसको जीवनको कहानी रहेछ। ऊ भनिरहेको छ, 'मैले मेरै देशमा केही गर्ने अवसर किन छैन ? मजस्ता युवाहरु कहिलेसम्म विदेशिनु पर्ने ? मेरो कुरा कोही किन बुझ्दैनन् ? हामी नेपाली कहिले आत्मनिर्भर हुने ? कहिलेसम्म विदेशीको शरण पर्ने ? उसको छटपटी र विद्रोही भाव एकै पटक प्रवाहित भइरहेको थियो। ऊ जोसँग यी कुराहरु भनिरहेको छ, उनी उसको कोही नजिकको मान्छे हुनुपर्छ। उनले उसको कुरालाई समर्थन गरेको भावमा अघिदेखि टाउको हल्लाइरहेका छन्। ऊ लगातार बोलिसकेपछि एकपटक के सम्झने कोसिस गरे झैं रोकिएको छ। अब ऊ के बोल्छ भनेर म यता सुन्नलाई तयार भएर बसेकी छु। तर ऊ बोल्छ सोचेको बोलेन अहँ बोल्दै बोलेन। ऊ युवा हो, बिरामी थियो भने पनि एकपटक फेरि कोसिस गरेर बोल्नुपर्ने हो नाइँ ऊ फेरि बोल्दै बोलेन। मैले ऊ युवा हो भन्ने नै पछि सम्झें।

मलाई ऊ युवा हो भन्ने कुराले असजिलो बनाएको छ। जुन युवा जमातलाई हामी परिवर्तनका संवाहक भनिरहेका छौं। उनीहरुको अवस्था के छ ? कहाँ छन् उनीहरु अहिले ? के त्यो परिवर्तनको संवाहकभित्र पर्ने एकजना युवा यो पनि होइन ? म पनि होइन ? मेरो अवस्था के छ ? म के गरिहेकी छु ? यो परिवर्तनको संवाहक हस्पिटलको वेडमा के गरिरहेको छ ?

फेरि एकपटक उसलाई नै हेरें। यो मान्छे हस्पिटलको बेडमा छ। तर मलाई सोचमग्न बनायो। प्रश्न गर्न बाध्य पार्‍यो। ऊ यो अवस्थामा हुँदा पनि समृद्ध देशको परिकल्पना गर्न सक्छ भने मसँग त स्वस्थ शरीर र सिर्जनील मस्तिष्क छ। मैले चाहें भने के गर्न सक्दिन र ?

यत्तिकै सोचमग्न भएकी थिएँ। कसैको आवाज आयो, हजुरको कोही हुनुहुन्छ यहाँ ? म झस्किएँ र नाइँ भने अनि ऊ सरासर त्यही वार्डमा गयो। मेरो ध्यान भंग भयो। तर पनि मलाई यहाँबाट उठ्न कत्ति मन छैन। कहीं जान मन लागेको छैन।

जसलाई मैले हेरिरहेकी छु। ऊ अरु को हो र ? ऐनामा देखिने म र छायामा देखिने तपाईं त हुनुहुन्छ नि। पछिल्लो समय मानसिक विचलन यति तीव्र गति बढेको देखेर म हतास भएकी छु। हरेक दिन संगत गर्ने साथी र दैनिक संवाद गर्ने अपरिचित मानिसहरुलाई नियाल्छु। अधिकांशमा यो छटपटी किन छ ? यो बेचैनी कहाँबाट आयो ? उनीहरु केही मिनेट मात्र आफ्नो साथीसँग कुरा गर्ने समय किन निकाल्न सक्दैनन् ? मुहारलाई उज्यालो बनाउने मुस्कानको ज्योति कहाँ गायब भयो ? संवादमा बोली मात्र किन रहन्छन्, के उनीहरु सुन्न सक्दैनन् ? सुन्ने कला सिक्नको लागि सबैभन्दा राम्रो माध्यम हो भन्ने उनीहरुलाई थाहा छैन र ? भर्खर टिनएज पार गर्न बित्तिकै बुढो मानिस जसरी किन काँपिरहेका छन् हातहरु ? युवावस्थामा नै कसरी कमजोर हुँदैछ शरीर ? मस्तिष्क जस्तो उर्वर भूमिमा किन लाग्दैछ खडेरी ?

उल्लेखित प्रश्नहरुको कारणले म मनोपरामर्श केन्द्र बाहिरको बेञ्चमा मनोवाद गरिरहेकी छु। एकोहोरो एकाग्र भएर म यति सोचमग्न कसरी भएँ ? के मानसिक रोगका बारेमा सोच्दा मात्र यति ध्यानमग्न भइन्छ ? के मानसिक रोगीलाई देख्दा यति सकसपूर्ण अवस्था सिर्जना हुन्छ ? मनमा के हुन्छ त्यस्तो जसले मस्तिष्कमा हलचल ल्याइदिन्छ ? तरंग पैदा गरिदिन्छ ?

आज म आफैंसँग दृढ संकल्प गर्छु, सपना भएका मान्छेहरुका सपना अधूरा हुनुभन्दा अगाडि नै उनीहरुको सपना पूरा गर्न जीवनभरि प्रयत्न गरिरहनेछु। उनीहरुको सपनाका लागि लडिरहनेछु। उनीहरुलाई सहयोग गरिहनेछु। जीवन अमूल्य छ, यो सफलता र असफलताको मानकभन्दा पर बाँच्नका लागि मात्र पनि हो भन्ने महसुस गराउन लागिपर्नेछु। के तपाईं पनि कसैको सपना पूरा गर्नमा सहयोग गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने आफ्नो सपना पूरा गर्नुस्। मनले जिते जित, मनले हारे हार। यो थियो मनोसंवाद।

*(स्रोत: अनलाईनखबर)*

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# अन्तरमन्त्रालय फुटसल हुने

समाज संवाददाता

हेटौँडा: प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा बागमती प्रदेशका मन्त्रालयमा कार्यरत निजामति कर्मचारीबीच फुटसल प्रतियोगिता हुने भएको छ।

प्रदेशका ११ वटा मन्त्रालयबीच यही असार ८ र ९ गते हेटौँडा-४, कमलडाँडास्थित फुटसल कोर्टमा प्रतियोगिता हुने प्रदेश खेलकुद विकास परिषद्का निमित्त कार्यालय प्रमुख देवनारायण चौधरीले जानकारी दिनुभएको छ। वार्षिक कार्यक्रमअन्तर्गत अन्तरमन्त्रालय फुटसल प्रतियोगिताको आयोजना गरिएको हो।

# सरकारका सबै वेबसाइट 'डाउन'

**काठमाडौँ: मंगलबार साँझदेखि नेपाल सरकारका सबै वेबसाइटहरु चलेका छैनन्। 'डट जीओभी डट एनपी' डोमेनमा रहेका सरकारी वेबसाइट नखुलेपछि वेबसाइट र अनलाइनमार्फत् प्रदान हुने अत्यावश्यकीय सेवा रोकिन पुगेको छ।**

**के कारणले सरकारी वेबसाइटहरु डाउन भए भन्ने खुलेको छैन। सरकारी सर्भर डाउन भएपछि विमानस्थलमा अध्यागमन जाँचपासमा समेत समस्या पर्छ। (स्रोत: अनलाइनखबर)**

# ४ लाख घुससहित तीन जना पक्राउ

**काठमाडौं: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुससहित तीन जनालाई पक्राउ गरेको छ। मंगलबार झापास्थित ग्रामीण सडक सुधार आयोजना कार्यान्वयन इकाईमा कार्यरत कर्मचारीलाई ४ लाख घुससहित अख्तियारको टोलीले पक्राउ गरेको हो।**

**पक्राउ पर्नेमा आयोजना व्यवस्थापक हुतराज चौहान, इन्जिनियर रवीन्द्रकुमार शर्मा र लेखापाल हिमाल पौडेल रहेका छन्। उनीहरुले सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीको लागि सहजीकरण गरेबापत ४ लाख रुपैयाँ घुस सेवाग्राहीबाट मागेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।**

**उनीहरुलाई अख्तियारको केन्द्र र आयोगको कार्यालय इटहरीबाट खटिएको टोलीले ग्रामीण सडक सुधार आयोजना कार्यान्वयन इकाईको कार्यालय कम्पाउन्डबाट नियन्त्रणमा लिएको दाहालले बताए। (स्रोत: रातोपाटी)**

# स्रोत नखुलेको १५ लाखसहित दुई जना पक्राउ

**सर्लाही: मलंगवा नगरपालिका-८, गोरखकाली चोकबाट स्रोत नखुलेको १५ लाख ५० नेपाली रूपैयाँ र २ हजार ६ सय ४० भारतीय रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मलंगवा नगरपालिका-४ बस्ने ३५ वर्षीय विसुन्द्रप्रसाद चौधरी र सोही नगरपालिका-२ बस्ने ४० वर्षीय नागेन्द्र ठाकुर रहेका छन्।**

**मंगलबार बिहान जिल्ला प्रहरी कार्यालय सर्लाही र प्रहरी चौकी गोरखकालीबाट खटिएको संयुक्त प्रहरी टोलीले भारतको सोनवर्षाबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० एस २०८६ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो।**

**यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ। (स्रोत: रातोपाटी)**



**ईश्वर खड्का**
**मनहरी-६, लोथर**

मेरो नाम ईश्वर हो। म मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-६, लोथरमा बस्छु। म ड्राइभर पेशामा संलग्न छु। मेरो २ वर्षको एउटा बाबु छ।

प्लान इन्टरनेशनल नेपाल र एकीकृत ग्रामीण विकास सेवाको साझेदारीमा मनहरी गाउँपालिकाको आयोजनामा सञ्चालित बालबालिकाको सपना परियोजना अभिभावक शिक्षा कार्यक्रममा मेरी श्रीमति सधै उपस्थित हुन्थिन् र सिकेको कुराहरु घरमा आएर सधैँ भन्थिन्। त्यो कार्यक्रममा सधैँ जाने मन हुँदा हुँदै पनि कामको व्यस्तताले गर्दा सधै जान पाउँदिन थिइन्। घरमा भएको समयमा भने जाने गर्थिन्। केही समय पश्चात आमा समुहको पुनर्गठन भयो र मेरी श्रीमति स्वस्थ आमा समुहको अध्यक्ष भईन्। बैठकमा सहभागी भएर र श्रीमतिको परामर्शको माध्यमबाट मैले पनि बालबालिकाको बारेमा धेरै कुराहरु थाहा पाएँ।

बालबालिका हुर्काउन बावाको जिम्मेवारी महत्वपूर्ण हुने रहेछ। बालबालिकालाई खुवाउने, खेलाउने जस्ता क्रियाकलापमा मेरो अर्थात पुरुषको सहभागिता हुनैपर्ने रहेछ भन्ने कुराहरु थाहा पाएँ। त्यस्तै बालबालिकाको दिमागको विकास २ वर्षसम्म धेरै हुने र अन्य वृद्धि विकास पनि द्रुत गतिमा रहेछ र गर्भवती अवस्थामा गर्नुपर्ने स्याहार सुसारको बारेमा पनि थाहा पाएँ।

सिके अनुसारको व्यबहार म मेरो घरमा अपनाउँछु र यो कार्यक्रमले गर्दा अरु पुरुष मित्रहरुले पनि बालबालिकालाई अझ बढी स्याहार सुसार गर्ने गरेको पाएको छु। यो कार्यक्रमले मलाई धेरै कुरा सिकाएको छ। मेरी श्रीमतिले पनि धेरै कुरा सिकेकी छे। बालबालिकाको सपना परियोजनाले अभिभावकले आफ्ना बाबुनानीमाथि देखेका सपनालाई साकार पार्न, जिम्मेवार अभिभावक बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेको छ। यो र यस्तै कार्यक्रमहरु सञ्चालन भइराख्नु पर्छ। जसले जिम्मेवार अभिभावक र अभिभावकको सपना पूरा गर्ने बालबालिका तयार पार्न अभिभावक आफैं सचेत हुने अवस्था रहोस्।

# बाढीपहिरोबाट चार दिनमा १० जनाको मृत्यु, २६ बेपत्ता

**काठमाडौं: असार महिनामा वर्षा, बाढी र पहिरोका कारण १० जनाको मृत्यु भएको छ। उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मंगलबार प्रतिनिधिसभा बैठकमा असार २ गते रातिदेखिको अविरल वर्षा, बाढी र पहिरोका कारण १० जनाको मृत्यु भएको जानकारी गराएका हुन्।**

**विपदका घटनामा ६ जना घाइते, २६ जना बेपत्ता र ५४ घर पूर्णरुपमा क्षति भएको पनि उनले जानकारी दिए। असार २ गते रातिदेखिको अविरल वर्षाका कारण संखुवासभा, ताप्लेजुङ र पाँचथर जिल्लामा बढी क्षति भएको छ।**

**गृहमन्त्री श्रेष्ठले विपद् पीडित उद्दार तथा राहतसम्बन्धी मापदण्ड २०७७ अनुसार मृतकको परिवारलाई राहत दिने पनि बताएका छन्। उनले प्रभावित घरधुरीलाई पनि सोही मापदण्ड अनुरुप तत्काल पुनःस्थापनाका लागि रकम दिने उपप्रधानमन्त्री श्रेष्ठले जानकारी दिए।**

**उक्त मापदण्डमा मृतकको परिवारलाई २ लाख रुपैयाँ राहत दिने र एकै परिवारको एक भन्दा बढी सदस्यको मृत्यु भएमा प्रतिव्यक्ति थप एक लाख रुपैयाँ राहत दिने व्यवस्था छ। घरबास क्षति भएकालाई तत्काल गुजाराको लागि प्रतिपरिवार १५ देखि २० हजार रुपैयाँ दिने व्यवस्था पनि उक्त मापदण्डमा छ। (स्रोत: अनलाइनखबर)**

## बकैया गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्वन्धी सूचना

शुशासन ऐन २०६४ बमोजिम बकैया गाउँपालिकावाट चालू आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति र गाउँपालिकावाट प्रवाह भएको सेवहरुको सम्बन्धमा तपशिल बमोजिमको मिति, समय र स्थानमा गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई हुने भएको हुँदा सम्पूर्ण बकैयावासी नागरिकहरु, राजनीतिक प्रतिनीधिहरु, नागरिक समाज, संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी, अधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि तथा सरोकारवाला सबैलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**तपशिल**
मिति: २०८०/०३/०७
समय : बिहान १० : ३० वजे देखि १ बजेसम्म
स्थान : हात्तीसुँडे स्वास्थ्य भवन सभाहल, हात्तीसुँडे

**आयोजक**
**बकैया गाउँपालिका हात्तीसुँडे**

**कार्यक्रम संयोजन**
**कान्छा मिडिया प्रा.लि. हेटौडा**

# लावारिस टेबलटेनिस बोर्डमा बरालिनेहरु



हुप्रचौरमा टेबलटेनिस खेल्दै ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, हुप्रचौरस्थित मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालयको पर्खाल पारी छ एउटा टेबलटेनिस बोर्ड । एउटा अन्तर्राष्ट्रिय खेलको रुपमा ख्याती कमाएको टेबलटेनिस खेलका लागि मकवानपुर जिल्लाको खेलकुद कार्यालयसँगैको टेबलटेनिस बोर्ड एउटा लावारिस वस्तु जस्तै छ। टेबलटेनिस बन्द कोठामा खेलिने खेल हो। तर, मकवानपुर जिल्लामा बन्द कोठामा टेबलटेनिस बोर्ड छैन ।

हुप्रचौरस्थित टेबलटेनिस बोर्डमा दैनिक १० देखि १५ जनाको संख्यामा खेलाडी सहभागिता हुने गरेका छन् । टेबलटेनिस खेलाडीहरुले बिहान नियमित ५ बजेदेखि ९ बजेसम्म खेल्न आउने गरेको सुदीप पराजुलीले बताउनु भयो । चौघडा, हटिया, पिप्ले, थानाभऱ्याङ, फरेष्ट्री, नवलपुरदेखि खेलाडीहरु टेबलटेनिस खेल्न हुप्रचौर आउने गरेका छन् । पराजुलीका अनुसार टेबलटेनिस खेल सिङगल, डबल खेल्न मिल्ने एकजना खेलाडीले २ पटक सर्भिस गर्न पाउने खेल हो । उहाँले २ बर्षदेखि टेबलटेनिस खेल्न थालेको बताउनु भयो ।

शारीरिक व्यायामका लागि अरु खेलमाहरुमा जस्तो धेरै दुःख गर्नु नपर्ने भएकोले टेबलटेनिसलाई रोजेको पराजुली बताउनुहुन्छ । अन्य खेलमा जस्तो टेबलटेनिस खेलमा धेरै संघर्ष गर्नु नपर्ने, दौडिनु नपर्ने भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा राम्रो अवसर प्राप्त गर्न सकिने सम्भावना छ ।

मकवानपुर जिल्ला खेलाडीप्रति सकारात्मक नभएको, जिल्ला खेलकुद विकास समितिले टेबलटेनिसलाई प्राथमिकता नदिएको, गत महिनामा भएको दोस्रो बागमती प्रदेश खेलकुदमा टेबलटेनिसलाई रुची नदिएको कारणले टेबलटेनिस खेल निर्मूल हुन सक्ने हुप्रचौरमा सहभागी खेलाडीहरुको गुनासो छ ।

# ६० जना विद्यार्थीलाई शैक्षिक सामग्री

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-४, मसिनेस्थित पशुपतिनाथ माविका ६० जना विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको छ । कोरियामा अध्ययन गरिरहेका नेपाली विद्यार्थीको समूहले विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको हो ।

स्थानीय जनजागरण युवा क्लबको समन्वयमा १ कक्षादेखि ५ कक्षासम्मका ६० जना बालबालिकालाई शैक्षिक सामग्री, स्कुल ब्याग हस्तान्तरण गरिएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतम, जनजागरण क्लबका अध्यक्ष बालमुकुन्द ढकालले विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष मानबहादुर बिष्टका परिवारले कोरियाबाट शैक्षिक सामग्री सहयोग उपलब्ध गराउनुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्य, शिक्षक रामचन्द्र तिमल्सिना, कलावती गौतम, क्लबका उज्ज्वल बिष्टलगायतका सहभागिता रहेको थियो । १० कक्षासम्म पठनपाठन हुने पशुपतिनाथ माविमा ५ सय १५ जना बालबालिका अध्ययन गरिरहेका छन् ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# ७ बालबालिकाको उद्दार

समाज संवाददाता

हेटौंडाः हेटौंडा–८ स्थित सिर्जनशील टोलबाट ७ बालबालिकाको उद्दार गरिएको छ । ५ जना श्रम गरिरहेका र बीचैमा पढाइ छोडेर बसेका २ बालकलाई उद्दार गरिएको छ । ८ वर्षदेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई उद्दार गरिएको हेटौंडा–८ का वडा सहजकर्ता रोजिता दंगालले जानकारी दिनुभयो ।

विशेष सूचनाको आधारमा बालश्रमिक उद्दार तथा पुनर्स्थापना उपसमिति, वडा सहजकर्ता, बाल हेल्पलाइन, टोल विकास संस्थाको नेतृत्वमा मंगलबार बालबालिकालाई उद्दार गरिएको हो । १५ वर्षीय ट्र्याक्टर चालक, गिट्टीबालुवा अनलोड गर्ने बालक र पढ्न नगएका बालबालिकालाई उद्दार गरिएको हो ।

घरमा आमा सुत्केरी रहेको र बाबुले घरमा नहेर्ने भएकाले आफूले ट्र्याक्टर चलाउनुपरेको बालकले बताएका छन् । दैनिक ७ सय रुपैयाँ कमाइ हुने उनको भनाई छ । बीचैमा पढाइ छोडेर बसेका ती बालबालिकालाई पुनः विद्यालय जाने वातावरण निर्माण गरिने बाल हेल्पलाइनका संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो । श्रम तथा रोजगार कार्यालयको अनुमतिमा बिहीबारमात्र के गर्ने भन्ने विषयमा निर्णय लिइने उहाँले बताउनुभयो ।

# ४४ जनाद्वारा रक्तदान




रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को वार्षिकोत्सवको अवसरमा मंगलबार आयोजना हेटौँडामा भएको रक्तदान कार्यक्रममा ४४ जनाले रक्तदान गरेका छन् ।

हेटौँडाको बुद्धचोकमा आयोजना गरिएको रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाले प्राविधिक सहयोग गरेको थियो । असार महिनामा यो तेस्रो पटकको रक्तदान कार्यक्रम हो । नियमित रक्तदान कार्यक्रम भइरहेकोले रगतको मागअनुसार वितरण गर्न सहज रहेको रक्तसञ्चार केन्द्र हेटौँडाले जनाएको छ ।

पार्टी स्थापना दिवसको अवसरमा रास्वपा मकवानपुरले यसअघि हेटौँडा अस्पताल परिसरमा वृक्षरोपण, हेटौँडा अस्पताल परिसरको सरसफाई तथा पार्टीको वडा समिति विस्तारको कार्य गरेको थियो ।

# कर फछ्र्यौट आयोगका पदाधिकारीलाई ९ वर्ष जेल, बिगो र जरिवाना ६ अर्ब

काठमाडौंः विशेष अदालतले कर फछ्र्यौट आयोगको बहुचर्चित भ्रष्टाचार मुद्दामा हालसम्मकै सबैभन्दा बढी बिगो, जरिवाना र सजाय निर्धारण गरेको छ । अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले कर फछ्र्यौट आयोगका अध्यक्ष लुम्बध्वज महतलाई ९ वर्ष १ महिना, सदस्य उमेश ढकाल र सदस्यसचिव आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक चुडामणि शर्मालाई ९ वर्ष कैद सजाय हुने फैसला गरेको हो ।

विशेष अदालतले यसअघि नै उनीहरुमाथि ६ अर्ब १५ करोड ७० लाख ४६ हजार ८४७ रुपैयाँ कुल बिगो कायम गरेको थियो । दामासाहीले भाग लगाउँदा हरेकले २ अर्ब ५ करोड ४६ लाख ९८ हजार ९४९ रुपैयाँ बिगो तिर्नुपर्ने विशेष अदालतका प्रवक्ता दिपेन्द्रनाथ योगीले बताए ।

राजस्व चुहावटको मुद्दामा बिगोको दोब्बर सजाय हुने भएकाले उनीहरुले जनही ४ अर्ब १० करोड ४६ लाख ९७ हजार ८९८ रुपैयाँ जरिवाना तिर्नुपर्नेछ । बिगो र जरिवाना गरेर हरेकको भागमा ६ अर्ब १६ करोड ४० लाख ९६ हजार ८४७ रुपैयाँ तिर्नुपर्नेछ । (स्रोतः अनलाइनखबर)


## हाजिरीजवाफ प्रतियोगिता गरिने सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस ७ नं. वडा बाल सजालको आयोजना तथा हेटौंडा उपमहानगरपालिका वडा नं. ७ को समन्वयमा तपशिल बमोजिमको मिति, समय र स्थानमा संचालन हुने हाजिरीजवाफ प्रतियोगिताको लागि यस बालसमूहबाट १ जना बालक र १ जना बालिका गरि २ जनानाई प्रतियोगिको रुपमा सहभागी गराउनुहुन हार्दिक अनुरोध गर्दछु ।

तपशिलः
मिति : २०८० असार ९ गते शनिबार ।
समयः दिनको ३ बजे ।
स्थानः श्री नवज्योति माध्यमिक विद्यालय ।
नोटः हाजिरीजवाफमा सामान्य ज्ञान, विद्यालयको पाठ्यक्रमको क्षेत्र, खेलकुद, राष्ट्रिय तथा अन्तराट्रिय गतिविधि, गीत संगीत, साहित्यबाट ६०% र बालमैत्री सँग सम्बन्धित ४० प्रश्नपत्र निमार्ण गरिने छ । प्रतियोगितामा प्रथम, द्बितिय, तृतीय र सान्त्वाना हुनेलाई क्रमशः ५ हजार, ४ हजार, ३ हजार र २ हजार रुपैंया पुरस्कार प्रदान गरिने छ ।

सोधपुक्षको लागि बालमैत्री वडा सहजकर्ता गोकर्ण लामाः ९८६६३६९५२२ ।

दामोदर गौतम
वडा अध्यक्ष
हेटौंडा उपमहानगरपालिका
७ नं. वडा कार्यालय
नागस्वती, हेटौंडा, मकवानपुर


## विजय युथ गोल्डकप

# उद्घाटन खेलमा आयोजक विजयी

समाज संवाददाता

हेटौँडाः एफसी विजय युथ क्लबको आयोजनामा मंगलबारबाट हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा विजय युथ गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ । एफसी विजय युथका अध्यक्ष सुदीप राजबाहकको अध्यक्षता तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको थियो ।

उद्घाटन खेलमा आयोजक एफसी विजय युथ क्लबले विजयी सुरुवात गरेको छ। उद्घाटन खेलमा अग्रसर युथ क्लबलाई ३-२ गोलअन्तरले पराजित गरेको हो । उद्घाटन खेलको म्यान अफ द म्याच लोरी घोषित भए । प्रतियोगिताअन्तर्गत बुधबार दुइ खेल हुनेछ । बुधबारको पहिलो खेलमा रिगल हेटौँडा रिसोर्ट मकवानपुर र नागस्वती एफसी बीच भिडन्त हुनेछ भने दोस्रो खेलमा समाज कल्याण एफसी र बागमती प्रदेश प्रहरी गण बीच हुनेछ ।

प्रतियोगितामा १६ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा उपाधि विजेता टिमले २ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने विजय यूथ क्लबका अध्यक्ष सुदिप राजबाहकले जानकारी दिनुभएको छ । प्रतियोगिता आयोजनाका लागि १३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# सीमा मिचेको विरोधमा हस्ताक्षर संकलन




हस्ताक्षर संकलन गरिँदै ।

समाज संवाददाता

हेटौँडाः भारतले सीमा मिचेको भन्दै विरोधस्वरुप हेटौँडाको बुद्धचोकमा मंगलबार बिहान हस्ताक्षर संकलन गरिएको छ । मकवानपुर युवा संगठनको नेतृत्वमा हस्ताक्षर संकलन कार्यक्रम भएको मकवानपुर युवा संगठन जिल्ला अध्यक्ष सुनिल सिन्तानले जानकारी दिनुभयो ।

भारतले नेपालको सीमा मिचेको विरोधमा सबैको हस्ताक्षर संकलन गरेर मुख्यमन्त्रीलाई बुझाइने सिन्तानले बताउनु भयो । एमसीसी सम्झौता खारेज गर्न, नेपालको लुम्बिनी क्षेत्र समेटी भारतले साँस्कृतिक नक्सा प्रकाशन गरेको विषयमा पनि संगठनले विरोध जनाएको छ । भारतको साँस्कृतिक नक्सा खारेज गर्न, महंगी, भ्रष्टाचार, कमिसन, लघुवित्त र मिटरव्याजको ज्यादतीको विरुद्धमा हस्ताक्षर संकलन कार्यक्रम गरेको सिन्तानले बताउनुभएको छ ।


## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सुचना

- भाँडामा चल्ने सवारी साधनको प्रत्येक ६–६ महिनामा सवारीको भौतिक अवस्था परीक्षण गरी यातायात व्यवस्था कार्यालबाट जाँचपास प्रमाण–लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेका प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागी सो को अभिलेख online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाँडामा चल्ने सवारी साधनहरुले बाटो ईजाजत–पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुबाट लिने र समयमै नवीकरण गर्ने गरौं ।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं ।

## स्वादिष्ट नेवारी खाजा




अब

होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ